AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

**एम्नेस्टी इन्टरनेसनल**
**प्रेस विज्ञप्ति**

**कोभिड-१९ महामारीले सिर्जना गरेको क्षतिबाट न्यायोचित पुनःप्राप्ति हाँसिलका लागि गरिएका आफ्ना वाचाहरू तोड्दै राजनीतिक नेता तथा ठूला कर्पोरेटहरूले मानिसको जीवनभन्दा मुनाफा र शक्तिलाई प्राथमिकता दिए।**

- **एम्नेस्टी इन्टरनेसनलले आफ्नो वार्षिक प्रतिवेदन २०२१ सार्वजनिक गरेको छ।**
- **गहिरो जरा गाडेको अवस्थामा रहेको असमानताहरूलाई सम्बोधन गर्नका लागि कोभिड-१९ महामारीले पैदा गरेको क्षतिबाट न्यायोचित पुनःप्राप्ति हाँसिल गर्ने झूटा वाचाहरूको व्यापार गर्दै विश्वका नेताहरूले ठूला कोर्पोरेटहरूसित मिलेर शक्ति र मुनाफा सञ्चित गरे।**
- **द्वन्द्वको फैलावटलाई सामना गर्न अन्तर्राष्ट्रिय समुदायको पूर्ण असफलताले थप द्वन्द्वको बिजारोपण भएको छ।**
- **यसको असर अफ्रिका, एसिया र ल्याटिन अमेरिकालगायत विश्वका सबैभन्दा सीमान्तकृत समुदायहरूमा परेको एम्नेस्टी इन्टरनेसनलले जनाएको छ।**

हाम्रो समयकै सबैभन्दा ठूलो मध्येको धोका हुने गरी सन् २०२१ मा कोभिड-१९ महामारीको क्षतिबाट न्यायसङ्गत पुनःप्राप्तिका सवालमा मानिसहरूलाई झुक्याउन खोक्रा नारा र झूटो वाचाका साथ धनी राष्ट्रहरूले ठूला कर्पोरेटहरूसँग सहकार्य गरे भनी विश्वभरीको मानवअधिकार अवस्थाबारे आफ्नो वार्षिक विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनलले आज बताएको छ।

*एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०२१/२२:* **विश्वको मानवअधिकार अवस्था (*Amnesty International Report 2021/22: The State of the World's Human Rights)*** मा जनाएअनुसार ठूला कर्पोरेटहरूसँग मिलेर यी राष्ट्रहरूले वास्तवमा विश्वव्यापी रूपमा रहेको असमानतालाई झन गहिरो बनाएका छन्। यस प्रतिवेदनमा स्वास्थ्य तथा सार्वजनिक आधारभूत पूर्वाधारहरूप्रति विश्वभरका सरकारहरूको बेवास्ताका साथै स्वार्थपूर्ण व्यापारिक लालच तथा क्रूर राष्ट्रिय स्वार्थलगायतका मूल कारणहरूबारे विस्तृत रूपमा समावेश गरिएको छ।

“सन् २०२१ कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण भइसकेको वर्ष हुनुपर्थ्यो। तर यो गहिरो असमानता र झन अस्थिरतालाई बढावा दिने बर्ष बन्यो र यसको असर आउँदा वर्षहरूमा रहिरहनेछ,” एम्नेस्टी इन्टरनेसनलका महासचिव आग्नेस कालामार्डले भनिन्।

"एक पछि अर्को नेतृत्वले जरा गाडेर रहेको असमानतालाई सम्बोधन गर्नका लागि "अझ राम्रोसँग पुनर्निर्माण गर्ने' झुटा वाचा गरे, जसले महामारीको प्रभावलाई अझ गम्भीर बनाएको छ। यसको सट्टामा उनीहरूले ठूला कर्पोरेटहरूसँग मिलेर धोका तथा लालचको कहालीलाग्दो नाटक गरेका छन्। विश्वभरी यस्तो भएको भए तापनि यसको असर व्यापक गरिबीको अग्रपंक्तिमा रहेकाहरूलगायत सबैभन्दा बढी सीमान्तकृत समुदायहरूका लागि निकै घातक भएको छ।”

**स्वार्थी राष्ट्रवाद र व्यापारिक लालचले गर्दा कोभिड-१९ खोपको सफलता प्रभावित**

कोभिड-१९ विरुद्धका खोपहरूलाई द्रुत गतिमा वितरण गर्न सक्दा यो अचुक बाणको रूपमा हुने थियो। यसले सबैको लागि महामारीको अन्त्य हुने आशा पनि जगाएको थियो।

तथापि सन् २०२१ मा विश्वलाई पूर्ण मात्रामा खोप लगाउन पर्याप्त उत्पादन भए तापनि यस बर्षको अन्त्यसम्ममा न्यून

आय भएका देशहरूमा बसोवास गर्नेहरूमध्ये चार प्रतिशत भन्दा कम मानिसहरूलाई मात्र पूर्ण मात्रामा खोप लगाइएको थियो।

“जी-७, जी-२० र सीओपी-२६ शिखर सम्मेलनका बेला भव्य विश्व मंचमा राजनीतिक र आर्थिक नेताहरूले खोपको पहुँचमा फड्को ल्याउनसक्ने, सामाजिक सुरक्षामा भएको कम लगानीलाई उल्टाउन सक्ने र जलवायु परिवर्तनको प्रभावको सामना गर्नसक्ने नीतिहरूबारे मौखिक आश्वासन दिए। ठूला फार्मा र टेक कम्पनीका प्रमुखहरूले हामीलाई कर्पोरेट सामाजिक उत्तरदायित्वबारे ठूला ठूला कुरा गरे। यस्तो ऐतिहासिक घडीमा महामारीबाट पूनर्स्थापना र अझ समान संसार निर्माण गर्न साँचो सार्थक परिवर्तनका लागि सुनौलो मौका थियो,” आग्नेस कालामार्डले बताइन्।

"तथापि उनीहरूले नीति तथा अभ्यासहरूबाट पछि हट्दै यस्तो मौका खेर फाले, जसले असमानता झनै बढायो। धनी राष्ट्रहरूले सार्वजनिक रूपमा गरेका वाचाहरूलाई पछि परित्याग गरे।"

यूरोपेली संघका सदस्य राष्ट्रहरू, बेलायत र संयुक्त राज्य अमेरिका जस्ता धनी राष्ट्रहरूले आवश्यकताभन्दा बढी खोपहरू भण्डारण गरे भने ठूला औषधी उत्पादक कम्पनीहरूले खोपहरूको व्यापक वितरणका लागि आफ्ना प्रविधिहरू साझेदारी गर्न इन्कार गरेर मानिसको जीवनभन्दा मुनाफालाई प्राथमिकता दिए। सन् २०२१ मा पिफाइजर, बायोएनटेक र मोडर्नाले ५४ अरब अमेरिकी डलर आय प्रक्षेपण गरेका थिए। तर ती कम्पनीहरूले आफूले उत्पादन गरेको खोपको दुई प्रतिशत भन्दा पनि कम मात्र खोप न्यून आय भएका देशहरूमा आपूर्ति गरे।

मुनाफाका लागि महामारीको रोकथाम तथा नियन्त्रणलाई बेवास्ता गर्ने ठूला कम्पनीहरूमा ठूला औषधी उत्पादक कम्पनीहरू मात्र थिएनन्। फेसबुक, इन्स्टाग्राम र ट्विटर जस्ता सोसल मिडिया कम्पनीहरूले कोभिड-१९ बारे गलत सूचनाको प्रवाह गरी खोप जनमानसमा खोप प्रति हिच्किचाहटको अवस्था सृजना गरे। केही राजनीतिक नेताहरूले पनि आफ्नो राजनीतिक लाभको लागि कोभिड-१९ खोपबारे अविश्वास र डर उत्पन्न गराउनुका साथै भ्रामक जानकारी फैलाउने काम गरे।

"सामाजिक सञ्जाल कम्पनीहरूले मुनाफाका लागि सनसनीपूर्ण तथा सत्य भन्दा विभेदकारी सामग्रीहरूलाई प्राथमिकतामा राखेर महामारीबारे भ्रामक सूचना फैलाउने कार्यमा सहजीकरण गरे,” आग्नेस कालामार्डले बताइन्।

“भ्रामक जानकारी फैलाई नाफा कमाउने कार्यले लाखौं मानिसहरूको जीवनमा पारेको असरका बारेमा ती कम्पनीहरूले जवाफ दिनै पर्दछ।”

**महामारीको प्रतिकार्यमा सीमान्तकृत वर्ग सबैभन्दा बढी प्रभावित**

दक्षिणी ध्रुव (ग्लोबल साउथ) का थुप्रै देशहरूले ठूला औषधी उत्पादक कम्पनीहरू तथा पश्चिमा सरकारहरूबीचको समझदारीको प्रतिकुल असर भोगे भने दशकौंको लापरवाहीको कारणले गर्दा आर्थिक तथा सामाजिक सहयोग र स्वास्थ्य प्रणालीमा परेको असरले विनाशलाई झनै गम्भिर बनायो। यस्तो स्थिति अफ्रिकामा जस्तो स्पष्ट र क्रूर रूपले कतै पनि महसुस गरिएको थिएन, यसैकारण एम्नेस्टी इन्टरनेसनलले आज आफ्नो प्रतिवेदन दक्षिण अफ्रिकाबाट सार्वजनिक गरेको छ।

सन् २०२१ को अन्त्यसम्ममा यस महादेशको ८% भन्दा कम जनसंख्याले पूर्ण रूपमा खोप लगाउँदा कोभाक्स फ्यासिलिटी, दि अफ्रिका भ्याक्सीन एक्वीजिशन ट्रस्ट र द्विदेशीय अनुदानमार्फत प्रदान गरिएको खोपको आपूर्ति अपर्याप्त भएको हुनाले यो विश्वमा नै सबैभन्दा कम खोप लगाइएको महादेश भएको छ। पहिले नै अपर्याप्त स्वास्थ्य सेवा प्रणाली भएका देशहरूमा कोभिड-१९ खोप वितरणका अभियानहरू असफल भएको हुनाले यहाँका मानिसहरू कोभिड-१९ संक्रमणको जोखिममा रहको छन्।

दक्षिण अफ्रिकामा मे महिनामा झन्डै ७,५०,००० बालबालिकाहरूले पढाइ छाडे र यो संख्या महामारी शुरू हुनुअघिको दाँजोमा तीन गुणाले बढेको छ। भियतनाममा खाद्य असुरक्षा र अन्य आधारभूत आवश्यकताहरू पूरा गर्न असमर्थ भएका विशेषगरी महिला आप्रवासी कामदारहरू प्रभावित भए। भेनेजुएलामा यस महामारीले पहिलेको मानवीय संकटको अवस्थालाई झनै खराब बनायोः ९४.५% जनसंख्या आय गरिबीमा र ७६.६% चरम गरिबीमा रहेको थियो।

"संसारभरीका थुप्रै देशहरूमा केहीलाई जानाजानी नीतिगत विशेषाधिकार दिँदा पहिलादेखि नै सीमान्तकृत भएका मानिसहरूले निकै ठूलो मूल्य चुकाए। स्वास्थ्य र जीवनको अधिकारको व्यापक उल्लङ्घन भयो। लाखौंलाई आफ्नो गुजारा चलाउन गाह्रो भयो, धेरै जना घरबार विहीन भए, बालबालिकाहरूले आफ्नो पढाई छाडे, गरिबी बढ्यो," आग्नेस कालामार्डले भनिन्।

"यस महामारीसित जुध्न विश्वव्यापी प्रतिकार्य निर्माण गर्न विश्वव्यापी रूपमा विफल भएको कारण अझ बढी द्वन्द्व र अझ बढी अन्यायको विजारोपण भयो। बढ्दो गरिबी, खाद्य असुरक्षा र विमति राख्नेहरू तथा विरोधकर्ताहरूलाई दमन गर्न सरकारहरूले महामारीलाई औजारको रूपमा प्रयोग गरेको— यी सबै कुराहरू सन् २०२१ सालमै शुरू भयो, यसलाई खोप राष्ट्रवादले मलजल गर्यो र धनी राष्ट्रहरूको लालचले बढावा दियो।"

**अन्तर्राष्ट्रिय समुदायको डरलाग्दो खाले कमजोर प्रतिक्रियाको कारण द्वन्द्व बढ्दो**

सन् २०२१ मा अफगानिस्तान, बुर्किना फासो, इथियोपिया, इजरायल तथा अधिनस्त प्यालेस्टाइनी क्षेत्रहरू, लिबिया, म्यानमार र यमनमा नयाँ तथा समाधान नगरिएका द्वन्द्वहरू शुरु भए वा जारी रहे, युद्धरत पक्षहरूले अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको उल्लंघन गरे। जसका कारण नागरिकहरूको धनजनको व्यापक क्षति भयो, लाखौं विस्थापित भए, हजारौं मारिए, सयौं यौन हिंसाको सिकार भए र पहिले नै नाजुक अवस्थामा रहेका स्वास्थ्य सेवा तथा आर्थिक पूर्वाधारलाई जर्जर अवस्थामा पुर्यायो।

यी बढ्दो द्वन्द्वहरूको समाधान गर्न अन्तर्राष्ट्रिय समुदायको असफलताले अझ अस्थिरता र विध्वंस बढायो। यी संकटहरूप्रति अन्तर्राष्ट्रिय समुदायको प्रतिक्रिया प्रभावकारी नहुनाले संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद् पक्षघातको अवस्थामा पुगेकको झनै प्रस्ट पार्यो। यसले म्यानमारमा भएको अत्याचार, अफगानिस्तानमा भएको मानवअधिकार उल्लङ्घन, सिरियामा भएका युद्धअपराधमा केही गर्न सकेन। यो लज्जास्पद निष्क्रियता, बहुपक्षीय संयन्त्रहरूको निरन्तर विफलता र शक्तिशाली राष्ट्रहरूको जवाफदेहीताको अभावले रूसलाई युक्रेनमा आक्रमण गर्ने सहज वातावरण बनाइदियो जसले स्पष्ट रूपमा अन्तरराष्ट्रिय कानुनको उल्लंघन भएको छ।

"थोरै अवस्थाहरूमा मात्र आवश्यक अन्तर्राष्ट्रिय प्रतिक्रिया प्राप्त हुन आयो; थोरै घटनाहरूमा मात्रै न्याय र जवाफदेहीता प्रदान गरियो। बरू द्वन्द्व फैलियो। समय बित्दै जाँदा यसको असर झन् झनै बिग्रँदै गयो। हस्तक्षेप गर्ने विभिन्न पक्षहरू बढे। नयाँ क्षेत्रहरूमा द्वन्द्वको सूरूवात भयो। नयाँ हातहतियारहरूको परीक्षण गरियो। अझ धेरै मृत्यु र घाइते भएको घटनाहरू घटे। जिन्दगी सस्तो भयो। अन्तर्राष्ट्रिय स्थिरता नै सँघारमा पुग्यो," आग्नेस कालामार्डले भनिन्।

**जतिबेला स्वतन्त्र आवाज सबैभन्दा बढी आवश्यक थियो त्यही बेला विरोधलाई दमन गर्ने पश्चगामी प्रवृत्ति हावी भयो**

सन् २०२१ मा स्वतन्त्र तथा आलोचनात्मक आवाजलाई दबाउन सरकारहरूले विभिन्न औजार तथा रणनीतिको व्यापक प्रयोग गर्ने विश्वव्यापी प्रवृत्ति हावी रह्यो। मानवअधिकार रक्षक, गैर सरकारी संस्था, सञ्चारमाध्यम र विपक्षी नेताहरू गैरकानुनी पक्राउ, यातना र बलपूर्वक बेपत्ता गर्ने कार्यका लक्षित थिए, त्यस्ता गतिविधिहरूमध्ये अधिकाँश महामारीको बहानामा भएका थिए।

सन् २०२१ सालमा कम्तिमा ६७ मुलुकहरूले अभिव्यक्ति, संघसंस्था खोल्ने वा भेला हुने स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउने नयाँ कानुनहरू ल्याए। संयुक्त राज्य अमेरिकामा कम्तिमा ३६ राज्यहरूले भेला हुने स्वतन्त्रतालाई सीमित

गर्ने ८० भन्दा बढी विधेयकहरू ल्याए भने बेलायत सरकारले प्रहरीको अख्तियारको विस्तारलगायत शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको अधिकारमा व्यापक कटौती गर्ने खालको प्रहरी, अपराध, सजाय र न्यायालयसम्बन्धी विधेयकको प्रस्ताव गर्यो।

गोप्य डिजिटल प्रविधिलाई थप हतियारको रूपमा प्रयोग गरियो। रूसमा शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई सामूहिक गिरफ्तारी गर्न सरकारले अनुहार चिन्ने प्रविधिको प्रयोग गर्यो। चीनमा सरकारी अधिकारीहरूले इन्टरनेट सेवा प्रदायकहरूलाई "राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने" वेबसाइटहरूमा पहुँच बन्द गर्ने आदेश दिए र शिन्जियाङ र हङकङ जस्ता विवादास्पद विषयहरूमा छलफल गरिने एपहरूलाई ब्लक गरे। क्युबा, एस्वाटिनी, इरान, म्यानमार, नाइजर, सेनेगल, दक्षिण सुडान र सुडानमा अधिकारीहरूले दमन र जवाफमा गरिने कार्यहरूबारे सूचना संप्रसनबाट रोक्न इन्टरनेट बन्द तथा अवरोध गरे।

"सन् २०२१ का चुनौतीहरूको कसरी सामना गर्ने भन्ने विषयमा छलफल र बहसको लागि ठाउँ उपलब्ध गराउनुको सट्टा धेरै राज्यहरूले आलोचनात्मक आवाजहरू बन्द गर्ने प्रयासलाई दोब्बर बनाए," आग्नेस कालामार्डले भनिन्।

**यदि सत्तामा भएकाहरूले टुटेका वा भत्केका आधारहरूलाई पूनर्निर्माण गर्ने चाहना राख्ने हो भने हामी धोकाधढीको विरुद्ध उभिनुपर्दछ**

यदि सन् २०२१ मा सत्तामा रहेकाहरूमा मानवताका गम्भीर चुनौतीहरू सामना गर्ने महत्त्वाकांक्षा र कल्पनाशक्तिको कमी भएमा उनीहरूले प्रतिनिधित्व गर्नुपरेका मानिसहरूको सवालमा पनि यस्तै भन्न सकिँदैन।

महामारीको बेला मानिसहरूले आफ्नो परिवारलाई खुवाउन संघर्ष गरिरहेको अवस्थामा पनि सरकारले कर बढाउने निर्णय गरेपछि त्यसको विरोधमा कोलम्बियाको सडकमा उनीहरू उत्रिए। रुसमा सामुहिक स्वेच्छाचारी गिरफ्तारी र अभियोजनका बाबजुद विरोध प्रदर्शनहरू जारी रहे। भारतीय किसानहरूले आफ्नो जीविकोपार्जनलाई नै हानि पुर्याउन सक्ने व्यवस्था भएको नयाँ कानुनहरूको विरोध गरे।

विश्वभरका युवा तथा आदिवासी अभियन्ताहरूले जलवायु सङ्कट संबोधनमा आवश्यक कार्य गर्न असफल भएकोमा नेताहरूलाई प्रश्न गरे। एम्नेस्टी इन्टरनेसनल लगायतका नागरिक समाज संस्थाहरूले स्वच्छ,स्वस्थ र दिगो वातावरणको अधिकारलाई मान्यता दिन सफलतापूर्वक पैरवी गरे। चीनको सिनजियाङ क्षेत्रमा जबर्जस्ती श्रममा लगाउने कार्यमा संलग्न भएकोमा नाइक,पाटागोनिया र C&A लगायतका ठूला बहुराष्ट्रिय कम्पनीहरू विरुद्ध गैरसरकारी संस्थाहरूद्वारा नविनतम रणनीतिक मुद्दा र फौजदारी उजुरीहरू दायर गरिए।

सहकार्यको एउटा प्रमुख उदाहरणको रुपमा रहेको पेगासस परियोजना — ८० भन्दा बढी पत्रकारहरू र एम्नेस्टी इन्टरनेसनलको प्राविधिक सहयोग सहित सहकार्य — ले पेगासस स्पाइवेयरको सिर्जनाकर्ता *एनएसओ* समूहको स्पाइवेयर अजरबैजान, हंगेरी, मोरक्को, रुवाण्डा र साउदी अरबमा राज्य प्रमुख, अभियन्ता र पत्रकारहरूविरुद्ध प्रयोग गरिएको कुरालाई पर्दाफास गर्यो।

"यसको विपरीत प्रतिबद्धता तथा वाचाहरूको बावजुद प्रायः हरेक पटक नेता तथा संस्थानहरूले यस महामारीको बेला संस्थागत रूपमा रहेको असमानतालाई हटाउनुभन्दा यसलाई कायम नै राख्ने मार्ग रोजे।यद्यपि मानवअधिकारमा आधारित न्यायोचित संसार संसारभरिका मानिसहरूले चाहेको कुरा हो भन्ने उनीहरूले अझ बढी स्पष्ट पारेका छन्" आग्नेस कालामार्डले भनिन्।

"संसारभरि मानिसहरूको आन्दोलनहरूले दिएको प्रस्ट र निरन्तर प्रतिरोध आशाको किरण हो।साहासिक तथा निडर भएर उनीहरू अझ समान संसार निर्माण गर्नका लागि आह्वान गर्छन्। यदि सरकारहरूले भत्किएका वा टुटेका संरचना

र आधारहरूलाई राम्रोसँग पुनर्निर्माण गर्न खोजेनन् भने हामीसँग थोरै मात्र विकल्प बाँकी हुनेछ। हाम्रो आवाजलाई दबाउने उनीहरूको हरेक प्रयाससँग लड्नुपर्दछ र उनीहरूको विश्वासघातको विरोध गर्नुपर्दछ।यसैकारण, आगामी हप्ताहरूमा हामी मानिसहरूको आन्दोलनहरूसँगै ऐक्यबद्धताका लागि एक विश्वव्यापी अभियान सुरु गर्दैछौं, जसमा प्रदर्शन गर्ने अधिकारको सम्मानको माग गर्दै छौं। हाम्रा नेताहरूले नचाहे पनि हामीले विश्वव्यापी ऐक्यबद्धता निर्माण गर्नुपर्दछ र त्यसको उचित प्रयोग गर्नुपर्दछ।"

**समाप्त**

**सम्पादकलाई जानकारी**

- विभिन्न भौगोलिक क्षेत्रहरूमा द्वन्द्वको सन्दर्भमा भएका गम्भीर अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनको उल्लङ्घनको प्रभावबारे गरिएको विस्तृत दस्तावेजीकरणमा ध्यान दिन पनि एम्नेस्टी इन्टरनेसनल सम्पादकहरूलाई आग्रह गर्दछ। द्वन्द्वले मानवअधिकार अवस्थामा पारेको प्रभाव र ढाँचाका बारे विस्तृत रुपमा अफ्रिका, एसिया-प्रशान्त र *मेना*का क्षेत्रगत समीक्षाका साथै सम्बन्धित देशका प्रविष्टिहरूमा पनि पाउन सकिन्छ।
- कृपया सिफारिसहरूको विस्तृत सूचीका लागि वार्षिक प्रतिवेदनको विश्वको मानवअधिकार अवस्थाको बिश्लेषण (Global Analysis) हेर्नुहोस्।
- थप जानकारीका लागि, उपलब्ध गराइएको सामाग्रीहरू वा अन्तर्वार्ताको लागि अनुरोध गर्न कृपया एम्नेस्टी इन्टरनेसनलको प्रेस अफिसलाई +४४ २० ७४१३ ५५६६ मा फोन गर्नुहोस् वा press@amnesty.org वा jess.owen@amnesty.org मा इमेल गर्नुहोस्।